प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

प्रेस विज्ञप्ति

मिति : २०७७/१/२३

माननीय सामाजिक विकास मन्त्रीज्यूको संयोजकत्वमा मन्त्रालयका सचिवज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका डा. प्रदीप के.सी. ज्यू, डा. सन्तोष के.सी ज्यू, सामाजिक विकास मन्त्रालयका अस्पताल विकास महाशाखा प्रमुख डा. राम बहादुर के.सी ज्यू लगायतको उपस्थितिमा प्रदेशको हालको स्वास्थ्य अवस्था, कोभिड १९, डेङगु लगायत महामारीको अवस्थाका विषयमा छलफल र समीक्षा सम्पन्न भएको छ।

EDCD द्वारा अद्यावधिक गरिएको Contact Interview Form (अनुसूची ३) गण्डकी प्रदेशका सम्पूर्ण स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालहरुमा इमेल मार्फत पठाइएको छ। Contact Tracing सम्बन्धी अनलाइन अभिमुखीकरण यस अघि नै सम्पन्न भैसकेको छ।

राष्ट्रिय क्षयरोग केन्द्र, सहयोगी संस्थाहरु र सात वटै प्रदेशका बीचमा अहिलेको अवस्थामा Case Finding र औषधी ढुवानी गर्ने विषयमा भिडियो कन्फ्रेन्स बैठक सम्पन्न भएको छ।

कोभिड - १९ को मध्यम, जटिल र अति जटिल केश व्यवस्थापनका लागि तोकिएका Level 2 अस्पतालको तयारी तथा Clinical Management मूल्यांकन सुदृढिकरण गर्नका लागी तयारी स्वरूप स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (HEOC), विश्व स्वास्थ्य संगठन (WHO), स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) को बीचमा भिडियो कन्फ्रेन्स बैठक सम्पन्न भयो। त्यसैगरी यस कार्यका लागि अभिमुखीकरण प्रदान गर्ने मिति र आवश्यक पर्ने जनशक्तिको सहभागिताका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई जानकारी प्रदान गर्नुका साथै आवश्यक व्यवस्थापनका लागि अनुरोध गरियो।

बेनी अस्पतालमा Minimum Service Standard (MSS) को मध्यावधि मूल्यांकन गर्न तथा कोभिड - १९ सम्बन्धि सूचना संकलन गर्ने Online Reporting System को बारेमा स्वास्थ्य कार्यालय म्याग्दीमा अभिमुखीकरण प्रदान गर्नका लागि स्वास्थ्य निर्देशनालयको एक टोली आज म्याग्दी प्रस्थान गरेको छ।

बाग्लुङ स्थित धौलागिरी अंचल अस्पतालमा गोरखा वेलफेयर ट्रष्ट (GWT) ले PPE, Infrared Thermometer, Gloves, Mask लगायतका स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गरेको छ।

आज थप १४ जनाको PCR परिक्षणका लागि नमुना संकलन गरिएको छ । अहिलेसम्म गण्डकी प्रदेशमा ६६० जनाको नमुना संकलन भएको छ जसमा ६४४ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ र १४ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ। त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६१८९ जनामा RDT परिक्षण गरिएको छ (आजमात्र ११५)।

आजसम्म हेल्लो डाक्टर १०९२ मा ७८४ जनाले चिकित्सकीय परामर्श सहितको विशेषज्ञ सेवा लिएका छन्।

**डा विनोद विन्दु शर्मा**
**निर्देशक**

Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com